श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ ।

२०१८ सालको ऐन नं. ७

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान-मानोन्नत ओजस्वि राजन्य प्रोज्ज्वल नेपाल तारा अतिओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर इन-चीफ श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।

## सहकारी संस्था ऐनलाई संशोधन गर्न बनेको ऐन

सहकारी संस्था ऐन, २०१६ ( यस पछि मूल ऐन भनिएको ) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम सहकारी संस्था (संशोधन) ऐन, २०१८ रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएकोछ

६. कुनै संस्थाको सदस्यहरूको दायित्व सीमित भएकोमा श्री ५ को सरकार वा सो संस्थाको सदस्य रहेको संस्था बाहेक अरू कुनै व्यक्ति विशेषले सो संस्थाको कुल शेयर पूँजीको १।५ वा यो ऐन अन्तर्गत बनेका नियममा तोकिदिएको घटी अंशभन्दा बढी शेयर लिन पाउंदैन ।

तर लाभांश नबाडी संस्थाका सम्बन्धमा शेयर सम्बन्धित उक्त हदका कुराहरू लागू हुने छैन ।

३. मूल ऐनको दफा ७ मा संशोधनः– मूल ऐनको दफा ७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ ।

७. (१) श्री ५ को सरकार वा संस्था सदस्य रहेको संस्था बाहेक अरू कुनै संस्थामा १८ वर्ष नाघेका कम्तीमा १० जनासम्म सदस्यहरू नभै यो ऐन

a77

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्तर्गत रजिष्टर गरिने छैन र त्यस्तो संस्था आफ्नो सदस्यहरूलाई ऋण दिन कोष जम्मा गर्ने उद्देश्यले बनेको रहेछ भने त्यसका सदस्यहरू एकै शहर गाउं वा गाउंहरूको समूहमा बसोबास गर्दै रहेको वा रजिष्ट्रारले अन्यथा निर्देश गरेमा बाहेक एकै जाती जात वर्ग वा पेशाको हुनु पर्दछ ।

४. मूल ऐनको दफा २५ पछि थप दफाः मूल ऐनको दफा २५ पछि देहायको दफा २५ क थपिएकोछ ।

२५. क. डिवेन्चर जारी गर्ने बारेः (१) कुनै पनि संस्थाले ऋण पत्र (डिवेन्चर) जारी गर्न सक्नेछ र त्यस्तो ऋण पत्र जारी गर्दा उक्त ऋणपत्रमा श्री ५ को सरकारको ग्यारेन्टी लिन चाहने संस्थाले त्यसको लागि श्री ५ को सरकार छेउ आवेदनपत्र दिनुपर्छ ।

(२) श्री ५ को सरकारको तर्फबाट ग्यारेन्टी प्राप्त भएको ऋण पत्रको सम्बन्धीमा श्री ५ को सरकारले आवश्यक शर्त र वन्देजहरू तोक्न सक्नेछ ।

(३) श्री ५ को सरकारको तर्फबाट ग्यारेन्टी प्राप्त ऋण पत्रको भुक्तानी संस्थाको सम्पत्तिबाट नपुगेमा उक्त ऋणपत्रको भुक्तानी श्री ५ को सरकारले स्वयं गर्नेछ ।

५. मूल ऐनको दफा २६ मा संशोधनः– मूल ऐनको दफा २६ को उपदफा (२१) पछि देहायको उपदफा (२२) थपिएको छ ।

२६.(२२) श्री ५ को सरकारले शेयर खरीद गरेको संस्थाको सञ्चालनको तरीका तोकिदिने ।

६. बचाउः नेपाल अधिराज्यको संविधानको धारा ५५ (४) बमोजिम यो ऐन निस्क्रय भएमा यो ऐन (संशोधन) लाई कुनै अर्को नेपाल ऐनले खारेज गरे सरह मानी नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ ।

लालमोहर सदर मिति ०१८।२।१३।६

आज्ञाले
(उदयप्रसाद उपाध्याय)
श्री ५ को सरकारका सह सचिव
कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।